
- लेकसाइडमा पर्यटन सूचना प्रणालीलाई डिजिटाइजेसन गर्ने ।

### तालिम सञ्चालन प्रक्रिया




### तालिम आवश्यकता पहिचानबाट माग भएका तालिम कार्यक्रमहरु

यस केन्द्रले विभिन्न तहमा सहभागितामूलक विधिबाट समय समयमा तालिम आवश्यकता पहिचान गर्दछ । स्थलगत अनुभव तथा जिल्लास्तरीय कार्यालयहरुबाट पहिचान भएका निम्नानुसारका विषयमा सम्बन्धीत संघसंस्थासंग समन्वय राखी स्रोत, साधन, जनशक्ति जुटाई लक्षित वर्गका लागि तालिम कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

### अधिकृत/रेञ्जर स्तर

- गुगल अर्थ ईन्जिन तालिम
- वन विकास निर्माण कार्यका लागि डिजाइन तथा लागत अनुमान तयार गर्ने तालिम
- तथ्याङ्क व्यवस्थापन, विश्लेषण, र मोडलिंङ सम्बन्धी आर प्रोग्रामिङ तालिम ।
- जलाधार व्यवस्थापन/वायो इन्जिनियरीङ्ग
- जि.आई.एस./ जि.पी.एस.
- जलवायु परिवर्तन / रेड तथा कार्बन मापन
- अग्नी नियन्त्रण तथा डढेलो व्यवस्थापन
- कानूनी कार्यविधि
- आई.ई.ई./ई.आई.ए.
- जडीवुटी व्यवस्थापन
- वनस्रोत मापन
- मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन
- सेवाकालिन तालिम
- नेतृत्व विकास तथा सुशासन तालिम

### फरेष्टर/ वन रक्षक स्तर

- सेवाकालिन तालिम
- कानूनी कार्यविधि
- पुनर्ताजगी तालिम
- वनस्रोत मापन तथा जि.पी.एस.
- जडीवुटी व्यवस्थापन
- नेतृत्व विकास तथा सुशासन तालिम
- वन्यजन्तु उद्धार तथा व्यवस्थापन तालिम

### प्रशासनिक स्तर :

- कानूनी कार्यविधि तथा लेखा व्यवस्थापन तालिम
- कार्यालय व्यवस्थापन तालिम
- नेतृत्व विकास तथा सुशासन तालिम
- अभिलेख व्यवस्थापन तालिम

### आ.व. २०७७/७८ मा सञ्चालन भएका तालिम कार्यक्रमहरु

#### सहायक तथा अधिकृतस्तर (प्रा.) कर्मचारीलाई




डिजाईन तथा लागत अनुमान तयार गर्ने तालिमको समापन पश्चातको सामुहिक तस्विर

- तथ्याङ्क व्यवस्थापन, विश्लेषण र मोडलीङ सम्बन्धी आर प्रोग्रामिङ तालिम (७ दिने)
- वैज्ञानिक वन व्यवस्थापन तालिम (८ दिने)
- वन विकास निर्माण कार्यका लागि डिजाईन तथा लागत अनुमान तयार गर्ने तालिम (१० दिने)
- कानूनी कार्यविधि (जाहेरि दरखास्त देखि फैसला कार्यान्वयन) सम्बन्धी तालिम (८ दिने)

#### फरेष्टर/वन रक्षक/सिनियर गेमस्काउट/ गेमस्काउटस्तर कर्मचारीलाई

- वन्यजन्तु उद्धार तथा व्यवस्थापन सम्बन्धी तालिम (१० दिने)
- सेवाकालीन तालिम (३० कार्यदिन)



वन्यजन्तु उद्धार तथा व्यवस्थापनको फिल्ड अभ्यासमा

कभर फोटो : वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, पोखराको भवन

# वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र

## संक्षिप्त परिचय



प्रदेश सरकार

वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय

## वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र

गण्डकी प्रदेश, पोखरा

फोन नं.: ०६१-४६६९७४

E-mail: frtc.gandaki@gmail.com

२०७८

## पृष्ठभूमी

प्रदेश सरकारको स्थापनासँगै गण्डकी प्रदेशमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको स्थापना वि.सं. २०७४ माघ २४ मा भएको थियो । यस मन्त्रालय (हालः वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय) मातहतको वन अनुसन्धान तथा प्रशिक्षण केन्द, पोखरा नेपालको सात प्रदेशमा रहेको सातवटा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र मध्ये एक हो ।

वि.सं. २०५० मंसिर १ गते पश्चिमाञ्चल क्षेत्रीय वन तालिम केन्द्र स्थापना गरी यस क्षेत्रमा तालिम सम्बन्धी कार्यक्रमहरु सञ्चालन हुँदै आएका थिए । तत्कालिन समयमा वि.सं. २०४६ सालदेखि डेनमार्क सरकारको सहयोगमा डानिडा सामुदायिक वन विकास परियोजना र वि.सं. २०५५ देखि २०६१ सालसम्म प्राकृतिक स्रोत व्यवस्थापन क्षेत्रगत सहयोग कार्यक्रम (NARMSAP) को प्राविधिक तथा आर्थिक सहयोग वन मन्त्रालय अन्तर्गतका क्षेत्रीय वन निर्देनालय तथा जिल्ला वन कार्यालयहरुलाई प्राप्त थियो । क्षेत्रीय वन तालिम केन्द्रको स्थापना भए पश्चात उक्त परियोजनाहरुको प्राविधिक तथा आर्थिक सहयोग तालिम केन्द्रलाई पनि प्राप्त भएको थियो । तत्पश्चात नेपाल सरकारको बजेटबाट सम्पूर्ण तालिम कार्यक्रमहरु सञ्चालन हुँदै आएको थियो ।

आ.व. २०७०/०७१ को संगठन पुर्नसंरचनाले वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत केन्द्रिय वन तालिम तथा प्रसार केन्द्रलाई छुट्टै निकायको रुपमा स्थापना गरेको थियो भने क्षेत्रीय स्तरमा रहेका पाँच वटा क्षेत्रीय वन तालिम केन्द्रहरुलाई केन्द्रिय वन तालिम तथा प्रसार केन्द्रको मातहत रहने गरी व्यवस्था गरेको थियो । नेपालको संविधान २०७२ बमोजिम राज्य संरचना भई संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारको व्यवस्था भएसँगै केन्द्रमा रहेको वन अनुसन्धान तथा सर्वेक्षण विभाग र केन्द्रिय वन तालिम तथा प्रसार केन्द्रलाई समायोजन गरी वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको रुपमा विकास गरियो । सो अनुरुप गण्डकी प्रदेशमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहत वन अनुसन्धान तथा प्रशिक्षण केन्दको स्थापना वि.सं २०७५ मा भई वन, वातावरण, वन्यजन्तु तथा जैविक विविधता सम्बन्धी अध्ययन, अनुसन्धान तथा तालिम संचालन गर्दै आइरहेको छ ।

गण्डकी प्रदेशमा रहेका प्राकृतिक स्रोत तथा जैविक विविधताको दिगो प्रयोग एवं यसबाट प्रादेशिक तथा स्थानीय स्तरमा पर्ने प्रभाव र संघीयताको कार्यान्वयन सँगसँगै राष्ट्रले खोजेको समृद्ध नेपाल सुखी नेपालीको उद्देश्य प्राप्त गर्नमा खेल्न सक्ने भुमिकाहरुको बारेमा समेत अध्ययन अनुसन्धान र प्राप्त नतिजाहरुलाई तालिम तथा प्रचारप्रसार सामाग्रीको माध्यमबाट सरोकारवालाहरु सम्म पुर्‍याउने काम पनि यस केन्द्रले गर्दै आइरहेको छ । यस केन्द्रले अधिकृतस्तर देखि श्रेणी विहिन (प्रा.) सम्मका कर्मचारीहरुलाई तालिम दिदै आएको छ ।


## लक्ष्य/उद्देश्य

- वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार लगायतका क्षेत्रमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने ।
- अध्ययन अनुसन्धान मार्फत वन क्षेत्र सम्बन्धी नीति निर्माणमा सहयोग पुर्‍याउने ।
- वन क्षेत्रमा भएका अध्ययन अनुसन्धानहरुको प्रचार प्रसार मार्फत सरोकारवाला समक्ष पुर्‍याउने ।
- कार्यान्वयन तहका सरोकारवालाहरुलाई प्राविधिक, सामाजिक र व्यवस्थापकीय क्षेत्रमा सहयोग पुर्‍याउन निम्न तथा मध्यम स्तरका वन प्राविधिक र प्रशासनिक कर्मचारीहरुलाई तालिम प्रदान गरी सक्षम बनाउने ।
- तालिम आवश्यकता पहिचान गरी समयमै प्रभावकारी तालिम संचालन तथा अनुगमन र मुल्याङ्कन गर्ने ।

## कार्यक्षेत्रको विवरण

गण्डकी प्रदेशका ११ वटा जिल्ला यस केन्द्रको कार्यक्षेत्र हो । वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय, गण्डकी प्रदेश, वन निर्देशनालय, पोखरा, डिभिजन वन कार्यालय मुस्ताङ, मनाङ, म्याग्दी, गोरखा, लमजुङ, तनहूँ, स्याङ्जा, कास्की, पर्वत, बागलुङ र नवलपरासी (बर्दघाट सुस्तापूर्व), भू-तथा जलाधार व्यवस्थापन कार्यालय (पर्वत र तनहुँ), ताल संरक्षण तथा विकास प्राधिकरण, पञ्चासे संरक्षित वन कार्यक्रम, ढोरपाटन शिकार आरक्षको कार्यालय, बिउ प्रयोगशाला तथा भण्डारण केन्द्र, कास्की, भानु प्राणी उद्यान, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना तथा मनास्लु संरक्षण क्षेत्र आयोजना लगायतका कर्मचारीहरुलाई आवश्यक पर्ने तालिमहरु संचालन गरी क्षमता तथा नेतृत्व विकासमा सहयोग पुर्‍याउनुका साथै उल्लेखित कार्यक्षेत्रमा वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार, जलवायु परिवर्तन, भू-उपयोगिता लगायतका क्षेत्र/विषयमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्नु यस केन्द्रको मुख्य कार्य हो ।

## संगठनात्मक संरचना




## मुख्य गतिविधिहरु

- कर्मचारीहरुलाई आवश्यक रहेको तालिमहरु पहिचान तथा फिल्ड अनुगमन गर्ने ।
- वन तथा वातावरण विषयमा अध्ययन अनुसन्धान गर्ने ।
- तालिम पुस्तिका, प्रचार प्रसार सामाग्री उत्पादन तथा वितरण गर्ने ।
- तालिम तथा विभिन्न अनुसन्धानका विषयबाट आएका तथ्याङ्कहरुको डाटावेस तयार गर्ने ।
- आर्थिक वर्षका स्वीकृत वार्षिक कार्यक्रमहरु सञ्चालन गर्नुका साथै अन्य संघ संस्थाबाट माग भै आएका तालिम कार्यक्रममा आवश्यकता अनुसार संयोजन, प्रशिक्षण तथा सहजिकरण गर्ने ।
- तालिम सञ्चालन गर्नका लागि आवश्यक सरकारी तथा गैरसरकारी संस्थासंग समन्वय गर्ने ।

## अध्ययन अनुसन्धान विधि

अध्ययन अनुसन्धानको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावाली २०६४ ले निर्दिष्ठ गरेका विधि र प्रक्रियाहरु अवलम्वन गरी यस केन्द्रका मौजुदा जनशक्ति वा परामर्श सेवाबाट अध्ययन अनुसन्धान गराइन्छ । यसरी अध्ययन भई आएका प्रतिवेदनहरुलाई सम्बन्धीत सरोकारवालाहरुको माझमा अन्तरक्रिया छलफल गराई सो बाट प्राप्त सुझावहरु समेत समेट्न लगाई अन्तिम रिर्पोट तयार पार्न लगाइन्छ । यसरी प्राप्त अध्ययन प्रतिवेदनहरु इस केन्द्रको महत्वपूर्ण दस्तावेजको रुपमा रहेका छन् । यसले वन र वातावरणको क्षेत्रमा भविष्यमा के कस्ता योजना तथा थप अध्ययन अनुसन्धान गर्नुपर्दछ भन्ने सम्बन्धमा मार्गदर्शन गर्दछ ।

## हाल सम्म सम्पन्न भएका अनुसन्धान कार्यक्रमहरु

### आ.व. २०७५/७६


- Preparation of Model and Design of Landuse and landcover change assessment in Gandaki province
- Forest Research Need Assessment in Gandaki Province, Nepal
- Impact Study on Scientific Forest Management in Gandaki Province, Nepal
- Model and Design Forest Resource Assessment in Gandaki Province, Nepal
- Assessment of the contribution of Forest Sector to the GDP of Gandaki Province, Nepal for FY 2017/18
- Assessment of the Impact of Climate Change on Biodiversity of Gandaki Province, Nepal

### आ.व. २०७६/७७

- प्रदेशस्तरीय बायोडाइभर्सिटी हटस्पट म्यापिङ्ग

### आ.व. २०७७/७८

- जडीबुटी पकेट क्षेत्रको पहिचान तथा नक्साङ्कन ।
- वन संवर्धन प्रणालीमा आधारित वनमा पुनर्उत्पादनको अवस्थाबारे अध्ययन अनुसन्धान ।
- पचभैया प्राणी उद्यानमा राखिने वन्यजन्तुको खाद्य आहार विश्लेषण ।



नवलपुरको चक्ला वनमा फिल्ड सर्भे गर्दै कर्मचारीहरु